'पर्यटकीय नगरी'

# सूर्योदय नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

फिक्कल, इलाम
१ नं. प्रदेश, नेपाल

## शिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः- २०७८/०५/२९)

यस कार्यालयबाट तपसिल बमोजिमको कार्यको लागी निम्न शर्तहरुको अधिनमा रहि यो रितपूर्वकको शिलवन्दी दरभाउपत्र आह्वान गरिएको छ ।

१. दरभाउपत्र फाराम यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन (मिति २०७८।६।१३ गते) भित्र प्रोपाइटर वा निजको आधिकारिक प्रतिनिधिबाट रितपूर्वक दस्तुर (पछि फिर्ता नहुने गरी) रष्ट्रिय बाणिज्य बैक फिक्कलमा रहेको यस नगर कार्यपालिकाको आन्तरीक राजश्व खाता, बैकं खाता नं. २१००१००३०१०१०००२ मा जम्मा गरी यस कार्यालयबाट खरिद गर्न सकिनेछ । माथि उल्लेखित कार्यालयबाट खरिद नभएको र यस नगर कार्यपालिकाको कार्यालयमा पेश नगरिएको दरभाउपत्रलाई मान्यता दिईने छैन ।

२. दरभाउपत्र कागजात खरिद गर्न इच्छुक फर्मले नियमानुसारको दस्तुर बुझाएको रसिद पेश गरी निवेदन दिनु पर्नेछ। निवेदनका साथ आ. ब. ०७७/७८ सम्म नविकरण भएको दर्ता प्रमाण पत्र, PAN/VAT दर्ता प्रमाण पत्र र आ.व. ०७६/७७ सम्मको कर चुक्ताको प्रमाणपत्रहरुको प्रतिलिपि र यस कार्यको संकेत नं र कामको विवरण उल्लेख गर्नु पर्नेछ ।

३. खरिद गरिएका दरभाउपत्र फारम नियमानुसार भरी सूचना प्रकाशित भएको मितिले १६ दिन (मिति २०७८।६।१४ गते) को १२.०० बजे भित्र यस कार्यालयमा दाखिला गर्न सकिनेछ । दाखिला हुन आएका दरभाउपत्रहरु सोही दिनको १.०० बजे यस कार्यालयमा उपस्थित दरभाउपत्रदाताहरु वा निजको अधिकारप्राप्त प्रतिनिधिहरु र कार्यालयका प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

४. दरभाउपत्र दाताले पेश गरेको दरभाउपत्र फिर्ता तथा संसोधन गर्न मिल्ने छैन ।

५. दरभाउपत्र खरिद गरिने अन्तिम दिन वा दरभाउपत्र बुझाउने अन्तिम दिन बिदा पर्न गएमा सो को लगतै कार्यालय खुलेको दिन दरभाउपत्र खरिद गर्न वा बुझाउन सकिनेछ ।

६. दरभाउपत्र को खाम बाहिर यस कार्यको संकेत नम्बर, दाखिला गरिने कार्यालयको नाम, ठेगाना, कामको विवरण र दरभाउपत्रदाताको नाम, ठेगाना, फोन नं (घरको, मोबाईलको) र ई-मेल स्पष्ट लेखिएको हुनु पर्नेछ ।

७. यस प्रकृयाबाट छनौट भएको दरभाउपत्रदाताले पेश गरेको दरभाउपत्रमा उल्लेख भएकै दररेटमा आ.व. ०७८/७९ भरी यस कार्यालयका लागि सामाग्रीहरु उपलब्ध गराउनु पर्नेछ ।

८. दरभाउपत्रदाताले स्पष्ट रुपमा अंक तथा अक्षर दुवैमा दररेट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक देखिएमा अक्षरमा लेखिएको दरलाई मान्यता दिईनेछ ।

९. एउटा फर्मको नामवाट खरिद गरिएको दरभाउपत्र फारम अर्को फर्मको नाममा दाखिला गर्न पाईनेछैन ।

१०. दरभाउपत्रदाताले दरभाउपत्र पेश गर्दा मुल्य अभिवृद्धि कर वाहेकको रकम उल्लेख गरी दरभाउपत्र पेश गर्नु पर्नेछ ।

११. स्थानिय तह तथा नेपाल सरकारलाई बुझाउनु पर्ने सबै प्रकारका करहरु दरभाउपत्रदाता स्वयम् आफैले बुझाउनु पर्नेछ ।

१२. सूचनाको शर्त विपरित भएको, कार्यालयवाट उपलब्ध गराईएको दरभाउपत्र फाराममा कुनै थपघट गरिएका, रित नपुगेको, म्याद नाघी पेश हुनआएको दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन ।

१३. दरभाउपत्रको परीक्षण र मूल्यांकन, दरभाउपत्रको सूचनाको शर्तहरु, BID DOCUMENT, स्पेशिफिकेसन तथा प्रचलित ऐन नियमअनुसार हुनेछ र गुणस्तर परीक्षण गर्न लाग्ने सम्पूर्ण खर्च कवोल दररेटमा नै समावेश गर्नुपर्नेछ ।

१। क्रमशः

२०७८/५/२९

प्रकाशराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

१४. दरभाउपत्रको अन्य डकुमेण्टमा (भाषागत समेत) त्रुटी भएमा वा विषय वा प्रसंगले अन्य अर्थ लागेमा कार्यालयले कुनै वेला सच्याउन वाधा पर्ने छैन। कार्यालयको हितलाई ध्यानमा राखी दरभाउपत्र स्विकृत गर्ने, नगर्ने वा आंशिक रुपमा स्विकृत गर्ने वा सूचना नै रद्ध गर्ने लगायतका सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

१५. सुचनामा उल्लेख भएकोमा सोही वमोजिम र अन्य विषयको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सुर्योदय नगरपालिकाको सार्वजनिक खरिद नियमावली २०७५ (संशोधन सहित) तथा प्रचलित ऐन नियम अनुसार हुनेछ।

१६. दरभाउपत्र शर्त रहित, केरमेट नभएको, मूल्यपत्र लगायत कार्यालयबाट उपलब्ध गराएका डकुमेण्ट फाराममा कुनै थपघट वा द्रष्टब्य नलेखिएको हुनुपर्नेछ।

१७. दरभाउपत्र सम्बन्धी थप जानकारीका लागि कार्यालय समयमा यस कार्यालयको जिन्सी ब्यवस्थापन उप-शाखामा सम्पर्क गर्न सकिनेछ।

## शिलबन्दी दरभाउपत्र सम्वन्धि कार्यको विवरण

| S. No. | Identification No. | Name of Quotation | Bid Document Fee NRs. |
|---|---|---|---|
| 1 | SUMO/ILAM/SQ/ RATE 02-078/079 | Stationery Items Supplying Work | 1,000.00 |

सुर्योदय नगरपालिका नगर कार्यपालिकाको कार्यालय फिक्कल, इलाम २०७३

२०७८।५।२५

प्रमुख प्रशासकीय अधिकृत

प्रकाशराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत